सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक



विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९



♦ वर्ष ९ ♦ अंक १२९ ♦ २०८२ साल पुस २८ सोमवार ♦ 12 Jan 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com


## काँग्रेसको दोस्रो विशेष महाधिवेशन सुरु



**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, बर्दिबास**

नेपाली काँग्रेसको एक पक्षको विमतिका बीच आज देखि काठमाडौँमा पार्टीको दोस्रो विशेष महाधिवेशन सुरु भएको छ ।

नेपाली काँग्रेसका ५४ प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिहरूले गत असोज २९ गते केन्द्रीय कार्यालयमा दर्ता गरेको विशेष महाधिवेशनको माग अनुसार आयोजना भएको विशेष महाधिवेशन आजदेखि सुरु भएको हो ।

विशेष महाधिवेशनको नेपाली काँग्रेसका दुई महामन्त्रीहरू गगनकुमार थापा र विश्वप्रकाश शर्माले संयुक्त रूपमा उद्घाटन गर्नुभयो ।

नेपाली काँग्रेस काठमाडौँका सभापति कृष्णसबुज बानियाँको अध्यक्षतामा काठमाडौँको भृकुटीमण्डपमा आयोजित विशेष महाधिवेशनको उद्घाटन सत्रमा बोल्ने नेताहरूले जेन्जी आन्दोलन पछिको विशेष परिस्थिति र बदलिँदो परिवेश अनुकूल नेपाली काँग्रेसलाई परिवर्तन गर्न विशेष महाधिवेशन आवश्यक परेको बताउनुभयो ।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै नेपाली काँग्रेसका महामन्त्री गगनकुमार थापाले विशेष महाधिवेशनले काँग्रेसलाई जिउँदो बनाएको र र जिउँदो काँग्रेसले मात्रै देशका समस्या समाधान गर्न सक्ने बताउनुभयो ।

बाँकी पृष्ठ ३ मा

## बहुमत पुऱ्याए गगन-विश्वले, बन्दसत्रले तय गर्नेछ कांग्रेसको भविष्य



**खबर दर्पण समाचारदाता**

**पुस २७ गते, बर्दिबास**

लामो विवादा र रस्साकस्सीका बीच कांग्रेसको विशेष महाधिवेशन मागकर्ताहरूबाटै काठमाडौंमा सुरु भएको छ । करिब ७९ वर्षको इतिहास बोकेको कांग्रेसमा दोस्रोपटक विशेष महाधिवेशन भएको हो । पहिलो महाधिवेशन तत्कालीन सभापति सुवर्णशमशेर राणाले २०१४ सालमा आफैं बोलाएर बीपी कोइरालालाई नेतृत्व हस्तान्तरण गरेका थिए । अहिले सभापति शेरबहादुर देउवा र संस्थापनपक्ष विशेष महाधिवेशनका लागि तयार नहुँदा विशेष महाधिवेशन मागकर्ता महाधिवेशन प्रतिनिधिहरू आफैँले विशेष महाधिवेशन आयोजना गरेका छन् ।

संस्थापनपक्षले विशेष महाधिवेशन असफल बनाउन भरमग्दुर प्रयास गरे पनि कुल ४७४३ महाधिवेशन प्रतिनिधिमध्ये करिब ६२ प्रतिशत महाधिवेशन प्रतिनिधि विशेष महाधिवेशनमा सहभागी भएको महाधिवेशन व्यवस्थापन सचिवालयको संयोजक मनोजमणि आचार्यले दाबी गरेका छन् । यो संख्या पुस २८ गते बन्दसत्र जारी रहँदा पनि बढ्नसक्ने विशेष महाधिवेशन व्यवस्थापन सचिवालयको दाबी छ ।

संस्थापनसँगै इतरपक्षीय नेता शेखर कोइरालालेसमेत विशेष महाधिवेशन असफल बनाउन प्रयास गरेका थिए । मध्यमार्गी धार लिएको दाबी गर्दै कोइराला विशेष महाधिवेशनमा आफू आएनन्, आफूनिकट महाधिवेशन प्रतिनिधिहरूलाई पनि रोक्ने प्रयास गरे । जसका कारण ४७ जिल्ला सभापतिहरू विशेष महाधिवेशनको विपक्षमा उभिएका छन् । तर, पनि महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले बहुमत महाधिवेशन प्रतिनिधिहरूलाई विशेष महाधिवेशनमा उपस्थित गर एका छन् ।

**नेतृत्व र नीति परिवर्तन**

भदौ २३ र २४ गतेको जेन जी आन्दोलनलगत्तै महामन्त्री थापाले कांग्रेस अब बदलिनुपर्छ भन्दै नीति र नेतृत्व परिवर्तन गर्नुपर्ने आह्वान गरेका थिए । सके नियमित

बाँकी पृष्ठ २ मा






जनकपुरधाम -१४, मुजेलिया

सम्पर्क : ९८०१६७०२४५

Grand Opening Very Soon ...
We Are Ready to Serve You
Test Something Good!
Indulge in the delicious flavors at Komal's Cafe - Janakpur.



# बहुमत पुऱ्याए गगन-विश्वले, बन्दसत्रले तय गर्नेछ.....

महाधिवेशन नभए विशेष महाधिवेशन गर्ने रणनीतिका साथ असोजमा विशेष महाधिवेशनका लागि महाधिवेशन प्रतिनिधिहरूको हस्ताक्षर संकलन गरियो। असोज २९ गते करिब ५४ प्रतिशत महाधिवेशन प्रतिनिधिहरूले नीति परिवर्तन, नेतृत्व परिवर्तन र जेन जी आन्दोलनको समीक्षालगायतका विषय माग राखी विशेष महाधिवेशनका लागि कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई निवेदन बुझाएका थिए।

कांग्रेसको विधानमा कम्तीमा ४० प्रतिशत प्रतिनिधिले माग गरे तीन महिनाभित्र विशेष महाधिवेशन गर्नुपर्ने व्यवस्था छ। तर, असोज २८ गते सुरु भएर मंसिर १५ गते सम्पन्न भएको केन्द्रीय कार्यसमिति बैठकमा विशेष महाधिवेशनको निवेदनमाथि छलफलसमेत भएन। बरु पुस अन्तिम साताका लागि नियमित महाधिवेशनको कार्यतालिका ल्याइयो। त्यतिबेलै महामन्त्री थापाले पुरक प्रस्तावका रूपमा नियमित महाधिवेशन नभए विशेष हुने विषय केन्द्रीय कार्यसमितिमा लिखित राखेका थिए।

उनले भनेजस्तै भयो, पुसमा नियमित महाधिवेशन हुन सकेन। पुस १८ गते केन्द्रीय कार्यसम्पादन समितिको बैठकबाट नियमित महाधिवेशन वैशाखका लागि सारियो। कार्यसमितिको पदावधि आगामी जेठसम्मका लागि थपियो। त्यसअघि नै महामन्त्री थापा र शर्माले संयुक्त वक्तव्य जारी गरी पुसको नियमित महाधिवेशन स्थगन गरेका थिए भने विशेषका लागि आह्वान पनि गरेका थिए।

त्यसैअनुसार पुस २७ गते विशेष महाधिवेशन सुरु भएको हो।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै महामन्त्रीद्वयले बन्दसत्रले जे चाह्यो त्यही हुने र त्यो आफूहरूलाई स्वीकार्य हुने बताएका छन्।

महामन्त्री थापाले भने, 'हामीले माथिबाट प्रस्ताव ल्याउँदैनौं। जे गर्छ हलले गर्छ। त्यसलाई हामी स्वीकार्छौं। यो महाधिवेशनले नीति, नेतृत्व र विधान संशोधन गर्न सक्छ।' उनले आफूहरूको चिन्ता नलिनसमेत महाधिवेशन प्रतिनिधिहरूलाई आग्रह गरे। महाधिवेशनले जस्तो निर्णय गरे पनि आफूहरूलाई स्वीकार्य हुने उनले पटकपटक दोहोऱ्याए।

महाधिवेशनमा सहभागी भएका लगभग सबै जिल्लाबाट हिँड्दा नै नेतृत्व परिवर्तनको लक्ष्यका साथ काठमाडौं आएका छन्। संस्थापनपक्षले रोक्न हरेक प्रयास गरे पनि उनीहरू काठमाडौं नेतृत्व परिवर्तनका लागि नै आएका हुन्। दैलेखका महाधिवेशन प्रतिनिधि भूपेन्द्र शाहीले जिल्लाबाट काठमाडौंका लागि हिँड्दा सामाजिक सञ्जालमा लेखेका थिए, 'गगनदाइ देशभरबाट करिब ६० प्रतिशत महाधिवेशन प्रतिनिधि देउवालाई विशेष महाधिवेशनमा सहभागी गराउन र संकल्प गर्न मात्र उस्थित भएका होइनन् खबरदार।'

उद्घाटन सत्रलाई सम्बोधन गर्ने वयोवृद्ध नेता ओमकारप्रसाद श्रेष्ठदेखि युवा नेतृ करुणा कटुवाललेसमेत नेतृत्व परिवर्तन गर्नुपर्ने बताए।

नेताहरू गोपालमान श्रेष्ठ, महेश आचार्य, अर्जुननरसिंह केसी, फरमुल्लाह मन्सुर, विनोद चौधरी, पुष्पा भुसाललगायतले अब देउवाबाट पार्टी नचल्ने भन्दै नेतृत्व परिवर्तन हुनुपर्ने बताए। महाधिवेशन प्रतिनिधिको मुड र नेताहरूको भनाइलाई आधार मान्ने हो भने पुस २८ गते बिहान ८ बजे सुरु हुने बन्दसत्रले नेतृत्व परिवर्तन गर्नेछ।

उद्घाटन सत्रलाई सम्बोधन गर्दै महामन्त्रीद्वय र अन्य नेताहरूले उठाएको अर्को महत्त्वपूर्ण विषय नीति परिवर्तन हो। उनीहरूले अब पुरानो तरिकाले पार्टी नचल्ने भन्दै नीति परिवर्तन हुने बताए। यसका लागि विशेष महाधिवेशनको तयारी चल्दै गर्दा नीतिबारे पनि विभिन्न क्षेत्रका विज्ञहरूसँग महामन्त्रीहरूले टिममा र एक्लाएक्लै पनि व्यापक छलफल गरेका थिए। बन्दसत्रमा दुवै महामन्त्रीले प्रतिवेदन प्रस्तुत गर्नेछन्। जसमा नीतिको विषय हुनेछ। कांग्रेसको आर्थिक नीति, राजनीतिक विषय र सबैभन्दा मुख्य विषय भदौको अन्तिम साता भएको जेन जी विद्रोहबारे कांग्रेसको समीक्षा महामन्त्रीहरूको प्रतिवेदनमा समेटिनेछ।

## देउवालगायत संस्थापनपक्षको बहिष्कार

विशेष महाधिवेशनमा कुनै प्रतिस्पर्धा हुनेछैन। यो एकलौटी महाधिवेशन हुनेछ। विशेष महाधिवेशनको विपक्षमा रहेका सभापति शेर बहादुर देउवा र उनको संस्थापनपक्ष तथा नेता शेखर कोइरालापक्षले विशेष महाधिवेशन बहिष्कार गरेको छ। त्यसैले पार्टीका दिग्गज नेताहरू भृकुटीमण्डपमा भएका उद्घाटन सत्रको मञ्चमा देखिएनन्।

वर्तमान केन्द्रीय कार्यसमितिका १४ जना पदाधिकारीमध्ये मात्र तीन जना विशेष महाधिवेशनमा सहभागी भए। महामन्त्रीद्वय थापा र शर्मा तथा सहमहामन्त्री फरमुल्ला मंसुर सहभागी हुँदा सभापति देउवा, उपसभापतिद्वय पूर्णबहादुर खड्का (कार्यवाहक सभापति) र धनराज गुरुङ र सहमहामन्त्रीहरू भिष्मराज आङदेम्बे, किशोरसिंह राठौर, महेन्द्र यादव, महालक्ष्मी उपाध्याय डिना, बद्रि पाण्डे, जीवन परियार र उमाकान्त चौधरी विशेष महाधिवेशनमा सहभागी भएनन्। यस्तै पूर्व उपसभापतिद्वय विमलेन्द्र निधि र प्रकाशमान सिंह, पूर्वमहामन्त्रीद्वय शशांक कोइराला र कृष्णप्रसाद सिटौला तथा नेता विजयकुमार गच्छदार, बालकृष्ण खाँण, शेखर कोइराला लगायतका नेताहरू पनि सहभागी भएनन्।

तर, यसअघि देउवानिकट रहेका नेताहरू गोपालमान श्रेष्ठ, पुष्पा भुसाल, देवेन्द्रराज कँडेल, उदयशमशेर राणा, भरत शाह, अमृत अर्याल, सुधिर शिवाकोटी, केदार कार्की, दिलमान पाखिन, योगेन्द्र चौधरीलगायतका नेताहरू भने विशेष महाधिवेशनमा सहभागी भएका छन्।




## गगन-विश्वको निर्णायक 'मुभ'

गगन थापा २०६२-०६३ को जनआन्दोलनबाट उदाएका नेता हुन्। कांग्रेसले औपचारिक निर्णय नगर्दै उनले त्यतिबेला राजतन्त्र हटाउने र गणतन्त्र ल्याउने भन्दै सडकमा नारा लगाए। सुरुमा उनलाई पार्टीले स्वीकारेन पछि पार्टी उनकै लाइन गणतन्त्रका पक्षमा उभियो। २०६४ को संविधानसभा चुनावमा समानुपातिक सांसदका रूपमा पहिलोपटक संसद् प्रवेश गरेका उनी त्यसयता २०७०, २०७४ र २०७९ को चुनावमा काठमाडौं- ४ बाट सांसद निर्वाचित हुँदै आएका छन्। एकपटक ९ महिनाका लागि स्वास्थ्यमन्त्री पनि बने।

१२ औं महाधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित थापा १३ औंमा महामन्त्री लडेर पराजित भए, १४ औं महाधिवेशनमा उनको प्यानलका सभापति उम्मेदवार शेखर कोइराला पराजित हुँदा उनी लोकप्रिय मतका साथ महामन्त्री निर्वाचित भए।

उता विश्वप्रकाश शर्मा गगन थापाभन्दा नेविसंघको राजनीतिमा सिनियर नेता थिए। पार्टीमा भने अहिले एउटै पदमा भए पनि केन्द्रीय कार्यसमितिमा शर्मा जुनियर रहेका छन्। शर्मा १३ औं महाधिवेशनमा पहिलोपटक केन्द्रीय सदस्य बने भने २०७९ मा पहिलोपटक संसदीय चुनावमा निर्वाचित भए। शर्मा नेविसंघको अध्यक्ष हुँदा थापा नेविसंघ उपाध्यक्ष थिए। त्यतिबेला विकास क्षेत्रअनुसार उपाध्यक्ष हुने व्यवस्था थियो।

पार्टीको १४ औं महाधिवेशनमा थापा र शर्मा महामन्त्रीमा सँगै निर्वाचित भए, फरक-फरक प्यानलबाट। दुवै महामन्त्री सभापति देउवाको प्यानलका होइनन्। तर दुवै जना तालमा ताल मिलाएर अगाडि बढिरहेका छन्। संसदीय दलको चुनावमा शर्माले थापालाई सहयोग गरे। पार्टीको विवादमा दुवै जना एक ठाउँमा उभिए। विशेष महाधिवेशन जस्तो विशेष समयमा पनि उनीहरू एकसाथ छन्।

थापालाई शर्माको र शर्मालाई थापाको सहयोग नहुँदो हो त, आज विशेष महाधिवेशन हुने नै थिएन। दुवैले विशेष महाधिवेशनका लागि निर्णायक समयमा खुट्टा दह्रो बनाए। राजनीतिक विश्लेषक गेजा शर्मा वाग्ले यो निर्णायक समयमा उनीहरूले निर्णायक कदम चालेको बताउँछन्।

उनले भने, 'जेन जी आन्दोलनपछिको अवस्थामा कांग्रेसको विशेष महाधिवेशन पहिला नै हुनुपर्ने थियो। आज भयो ठीक भयो। अब यसले नीति र नेतृत्व दुवै बदल्छ, बदल्नुपर्छ।'

## विवाद पनि सँगै

कांग्रेसको विशेष महाधिवेशन जुन उत्साहका साथ भृकुटीमण्डपमा सुरु भएको छ, विषय त्यति सरल र सिधा पनि छैन। सभापति देउवा र केन्द्रीय कार्यसमितिको बहुमतले यसलाई अस्वीकार गरेको छ। त्यसैले विशेष महाधिवेशनको निर्णय त्यो पक्षले स्वीकार्ने अवस्था अहिलेसम्म बनेको छैन। एकपक्षले नस्वीकार्ने निर्णय कसरी कार्यान्वयन हुन्छ त्यो सबैभन्दा चासोको विषय बनेको छ। यदि विशेष महाधिवेशनले देउवालाई सभापतिबाट हटाउने निर्णय गऱ्यो भने त्यो उनले स्वीकार्ने अवस्था अहिलेसम्म देखिएको छैन।

आइतबार भृकुटीमण्डपमा विशेष महाधिवेशनमा महाधिवेशन प्रतिनिधिको संख्या बढ्दै जाँदा देउवा भने महाराजगञ्जस्थित निवासमा आफ्नो गुटका नेताहरूसँग छलफलमा थिए। त्यो छलफलमा गगन-विश्वले पार्टी फुटाउने नसक्ने निष्कर्ष निकालिएको खबहरू आएका छन्।

पार्टीको एकपक्षले अस्वीकार गरेपछि कार्यान्वयनमा त समस्या आउने नै भयो, निर्वाचन आयोगले महाधिवेशनको निर्णयअनुसार पार्टीलाई अद्यावधिक गर्छ कि गर्दैन त्यो अर्क महत्त्वपूर्ण विषय छ। किनकि अद्यावधिकका लागि गगन-विश्व समूह निर्वाचन आयोग पुगे पनि सँगै देउवापक्ष पनि आयोग पुग्ने नै छ। त्यस्तो अवस्थामा आयोगले गर्ने निर्णयले धेरैहदसम्म यो विशेष महाधिवेशनको निर्णय कार्यान्वयनमा प्रभाव पार्नेछ। विषय लम्बिँदै जाँदा सर्वोच्च अदालतसम्म पुग्न सक्छ।

अर्को महत्त्वपूर्ण विषय फागुन २१ गतेका लागि तोकिएको प्रतिनिधिसभा चुनावका लागि प्रत्यक्षतर्फका उम्मेदवारको मनोनयन आगामी माघ ६ गते हुने तालिका छ। त्यसअघि नै यो विवाद टुंग्याउनुपर्ने वाध्यता छ।

-खेमराज थापा/नेपाल भ्युज

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बच्छार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/ ९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाभिजज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# कांग्रेस ब्युँझाउने गगन-विश्व सहयात्रा

टपेन्द्र कार्की



नेपाली कांग्रेस विशेष महाधिवेशनको उद्धाटन सत्रलाई आइतबार साँझपख सम्बोधन गर्दै महामन्त्रीद्वय गगनकुमार थापा र विश्वप्रकाश शर्माले पार्टी र देश बदल्ने सङ्कल्प गरे।

रूपान्तरित कांग्रेसको सङ्कल्प गरिरहँदा संस्थापन पक्षबाट विद्रोह गरी ३० जना केन्द्रीय सदस्य पनि सहभागी भए। पूर्व महामन्त्री तथा पूर्व सभामुख रहेका तारानाथ रानाभाटदेखि लामो समय शेरबहादुर देउवा क्याम्प रहेका गोपालमान श्रेष्ठ पनि सहभागी भएर विशेष महाधिवेशनलाई अनुमोदन गरिदिए।

देश बदल्न आफू बदि्लन र कांग्रेस बदल्न सक्ने गगन थापा र विश्व प्रकाश शर्माको सङ्कल्प थियो।

गगन-विश्व, नेपाली कांग्रेस पार्टीका महामन्त्री हुन्। उनीहरुले महामन्त्रीमा चुनाव जित्दै गर्दा कांग्रेसका नवजवानमा एक प्रकारको आशा र भरोसा पैदा भएको थियो। २०७८ मंसिरको अन्तिम साता भएको कांग्रेसको १४ औं महाधिवेशनको मत परिणाम भने पुस १ गते सार्वजनिक हुँदा त्यतिबेला थापाले मतपरिणामअनुसार अत्यधिक मत ल्याएका थिए।

खसेको कुल ४६८२ मतमध्ये थापाले ३०२३ मत पाए भने विश्व प्रकाश शर्माले १९८४ मत प्राप्त गरेका थिए। यसरी हेर्दा कांग्रेसलाई परिवर्तन गर्ने र नयाँ पुस्तामा नेतृत्व ल्याउने अभिभार उनीहरूको काँधमा चार वर्ष आइसकेको थियो।

उनीहरु विद्यार्थी कालबाटै नेताका रुपमा उदाएका थिए। विद्यार्थी राजनीतिबाट उदाएका उनीहरुले पार्टी राजनीतिक यात्रा मार्फत् नेपाली समाज रूपान्तरण महत्त्वपूर्ण अभिभारा यो विशेष महाधिवेशनपछि आएको छ।

उनीहरूको नेतृत्वमा कांग्रेसले युवा पुस्तासँगको सम्बन्धलाई बलियो बनाउन र सामाजिक-आर्थिक परिवर्तनका लागि ठोस कदम चाल्न खोजेको छ। साथै, शेरबहादुर देउवालाई सम्मानजनक बर्हिगमनको बाटो खोलेर त्यहाँ रहेका नेताहरुलाई पनि सहभागी गराई पार्टीलाई बलियो बनाउने जिम्मेवारी उनीहरूको काँधमा आएको छ।

गगन-विश्वको सहयात्राले कांग्रेस बलियो बनाउने मात्र होइन, समाजमा समानता, न्याय र समृद्धि ल्याउने भूमिकामा उनीहरु अघि बढ्नुपर्नेछ।

उनीहरुले कांग्रेसलाई एक सशक्त र समृद्ध पार्टीको रूपमा बनाउने योजना मात्र होइन देशको विकासमा कांग्रेसको अग्रसरता रहनेछ भन्ने विश्वास कार्यकर्ता र जनतालाई दिलाउने जिम्मेवारी पनि उनीहरूको काँधमा आइलागेको छ।

विशेष महाधिवेशनमा सम्बोधन गर्नेक्रममा संथापन पक्षबाट आएकी पुष्पा भुसालले भनेझैं विशेष महाधिवेशनले नयाँ नीतिसँग अगाडि बढाउनु पर्ने र कांग्रेस गुटबाट मुक्त हुनुपर्ने तथा राजनीतिक हिंसाबाट मुक्त र कृपाबाट अलग हुन्छ भन्ने सन्देश पनि दिन जरुरी देखिन्छ।

गगन विश्वको सहयात्राले जेन-जी आन्दोलनले उठाएको नैतिक प्रश्न, नेतृत्वको उत्तरदायित्व र संस्थागत सुधारको मागलाई पनि सम्बोधन गर्नुपर्नेछ।

लोकतन्त्रको नाममा पार्टी कब्जा गर्ने, पार्टीलाई प्राधिकार जस्तो बनाउने, मुलुक नै तीन वटा नेताको वरीपरी घुमाउने जस्ता गतिविधिहरू लोकतन्त्रकै उपहास हुन् भन्ने पक्षलाई आगामी दिनमा सुधार गर्नुपर्ने जिम्मेवारी उनीहरुले यही महाधिवेशनबाट सङ्कल्प गर्नुपर्नेछ।

यो सङ्कल्पपछि कांग्रेस व्यूझिने मात्र होइन अन्य प्रतिस्पर्धी दलमा पार्टी कब्जाको नीति रणनीति बनाउनेहरुले पनि सोच्नुपर्ने दिन नजिक आउनेछ।

## को हुन गगन ?

कक्षा ९ मा पढ्दा नै २०४६ सालको जनआन्दोलनमा सक्रिय गगनको राजनीतिक यात्रा भने क्याम्पस पढ्न थालेपछि सुरु भएको थियो।

त्रिचन्द्र क्याम्पसमा पढ्न थालेपछि उनी कांग्रेस निकट नेपाली विद्यार्थी सङ्गठनमा लागेका थिए। नेविसंघको सदस्य भएसँगै २०५१ सालमा उनी त्रिचन्द्र स्वतन्त्र विद्यार्थी युनियनको सदस्यमा निर्वाचित भए भने त्रिचन्द्र स्ववियुमा सदस्यसचिव हुँदै उनी सभापति बनेका थिए।

२०५५ सालमा स्ववियु सभापति भएपछि नेविसंघको केन्द्रीय र ाजनीतिमा आए। उनी नेविसंघको महामन्त्री बने। थापाले २०५९ सालदेखि २०६१ सालसम्म नेविसंघको महामन्त्री भएर काम गरेका थिए।

उनी महामन्त्री हुँदा गुरुराज घिमिरे नेवि संघको अध्यक्ष थिए। तत्कालीन कांग्रेसका सभापति गिरिजाप्रसाद कोइरालासँग विचारमा असहमत हुँदा पनि ०६४ को चुनावपछि समानुपातिक सभासद् बनेका थापा दोस्रो संविधान सभाको निर्वाचनमा काठमाडौं-४ बाट निर्वाचित भएका थिए।

दोस्रो संविधानसभामा कृषि तथा जलस्रोत समितिको सभापति बनेका थापा तत्कालीन माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल दोस्रो पटक प्रधानमन्त्री हुँदा स्वास्थ्यमन्त्री बनेका थिए।

०७४ को चुनावमा देशभर बाम गठबन्धन (एमाले- माओवादी) को लहर चले पनि काठमाडौं-४ बाट निर्वाचित भए। २०७९ सालमा उनी काठमाडौं क्षेत्र-४ बाटै विजयी भएका थिए।

उनी कांग्रेसको १२ औं महाधिवेशनमा सबैभन्दा बढी भोट प्राप्त गरी केन्द्रीय सदस्य बन्न सफल भएका थिए। गगन १३ औं महाधिवेशनमा पूर्व महामन्त्री कृष्णप्रसाद सिटौला समूहबाट महामन्त्रीमा उठेका थिए। त्यतिबेला उनी पराजित भएका थिए।

## को हुन् विश्व ?

विश्वप्रकाश शर्मा २०७८ सालमा प्रकाशमान सिंहको टिमबाट महामन्त्रीमा विजयी हासिल गरेका थिए। ६ पुस ०२७ मा झापाको शान्तिनगरमा जन्मिएका उनी झापामा विद्यालय तहमा पढ्दादेखि नै राजनीतिमा लागेका थिए।

२०४० सालमा धुलाबारी मावि झापाको नेविसंघ इकाई सभापतिको रुपमा राजनीतिमा प्रवेश गरेका शर्मा २०४१ सालमा ९ कक्षामा पढ्दा प्रथम पटक प्रहरी गिरफ्तारीमा परेका थिए।

२०४७ सालमा नेविसंघ झापाको जिल्ला सभापति भएका उनी २०४८ सालमा नेवि संघ केन्द्रीय सदस्य बने। २०५३ सालमा नेविसंघ महामन्त्री बनेका शर्मा २०५३ नेवि संघ केन्द्रीय उपसभापति भएका थिए।

२०५७ सालमा उनी नेविसंघको केन्द्रीय सभापति बने भने २०५७ सालमा नेपाली कांग्रेसको महाधिवेशन प्रतिनिधि बनेका थिए। नेविसंघको राजनीतिपछि शर्मा पार्टीको जिल्ला राजनीतिमा जाने प्रयास गरेका थिए।

तर १२ औं महाधिवेशनमा उनी झापा जिल्ला सभापतिमा पर ाजित भएका थिए। २०७२ सालमा भएको १३ औं महाधिवेशनबाट उनी कांग्रेसको केन्द्रीय सदस्यमा निर्वाचित भए।

शर्मा २०७४ सालमा नेपाली कांग्रेस पार्टी प्रवक्ताको जिम्मेवारी पाएका थिए। उनी ०७० र ७४ माम भएको आम चुनावमा झापामा पराजित भएका थिए भने २०७९ को निर्वाचनमा विजयी भएका थिए।

# काँग्रेसको दोस्रो विशेष महाधिवेशन.....

महामन्त्री थापाले विशेष महाधिवेशनले पार्टीका कार्यकर्तालाई थप शक्तिशाली बनाएको उल्लेख गर्नुहुँदै यसले पार्टी विभाजन गर्ने नभई थप बलियो बनाएर लैजाने बताउनुभयो ।

यस्तै काँग्रेसका अर्का महामन्त्री विश्वप्रकाश शर्माले देशलाई समुन्नतिको उचाइमा लिएर जान सक्ने सामर्थ्य राख्ने गरी काँग्रेसलाई बदल्न आवश्यक रहेको बताउनुभयो ।

नेपाली काँग्रेसका पूर्व उपसभापति गोपालमान श्रेष्ठले पार्टीलाई समयको माग अनुसार चल्ने र नयाँ पुस्तामा भरोसा दिलाउन सक्न बताउन विशेष महाधिवेशन सफल हुने बताउनुभयो ।

विशेष महाधिवेशनको उद्धाटन अघि नेपाली काँग्रेसका नेता-कार्यकर्ताहरू काठमाडौँका विभिन्न स्थानमा भेला भई र्याली, बाजागाजा र झाँकीका साथ आयोजनास्थल प्रवेश गरेका थिए ।

आइतवारबाट सुरु विशेष महाधिवेशनका सन्दर्भमा पार्टीको संस्थापन पक्षले भने असहमति जनाउँदै आएको छ । पार्टीको संस्थापन पक्षले आगामी वैशाखमा पार्टीको नियमित महाधिवेशन गर्ने तालिका निर्धारण गरी प्रक्रिया समेत सुरु भइसकेकाले विशेष महाधिवेशनको औचित्य स्वत: समाप्त भइसकेको बताउँदै आएको छ ।

काँग्रेसको विधानमा ४० प्रतिशत महाधिवेशन प्रतिनिधिले विशेष महाधिवेशन माग गरेमा तीन महिनाभित्र विशेष महाधिवेशन आह्वान गर्नुपर्ने व्यवस्था छ ।

महाधिवेशन प्रतिनिधिहरूको मागलाई संस्थापन पक्षले सम्बोधन नगरेपछि महामन्त्रीहरू गगनकुमार थापा र विश्वप्रकाश शर्माको अगुवाइमा विशेष महाधिवेशन सुरु भएको हो ।

यसैबीच नेपाली काँग्रेस दोस्रो विशेष महाधिवेशन सहभागी हुन ५० प्रतिशतभन्दा बढी महाधिवेशन प्रतिनिधिहरूले आफ्नो नाम दर्ता गराइसकेको काँग्रेस नेता देवराज चालिसेले जानकारी दिनुभयो ।

नेपाली काँग्रेसको देशभरमा कुल ४ हजार ७ सय ४३ जना महाधिवेशन प्रतिनिधिहरू छन् । महाधिवेशनको बन्द सत्र भोली सोमबार बिहान ८:०० बजेदेखि सुरु हुने र विशेष महाधिवेशनको बाँकी कार्यभार बन्द सत्रले नै तय गर्ने आयोजक नेताहरूले बताउनुभएको छ ।



# गौशाला बजार अतिक्रमण र अव्यवस्थित पार्किङका कारण अस्तव्यस्त

**धर्वेन्द्रकुमार यादव 'यदुवंशी'**
**पुस २७ गते, महोत्तरी**

महोत्तरी जिल्लाको गौशाला नगरपालिका ५ गौशालामा लाग्ने गरेको गौशाला बजार यस जिल्लाको मुख्य ब्यपारी केन्द्रको रूपमा क्षेत्रमा बढ्दो अतिक्रमण,अव्यवस्थित पार्किङ तथा जथाभावी पसल विस्तार का कारण बजारको अवस्था दिनप्रतिदिन अस्तव्यस्त बन्दै गएको छ।



मुख्य सडक तथा भित्री बजार मार्ग साँघुरो बन्दा सवारी साधनको आवत-जावतमा कठिनाइ भएको छ भने सर्वसाधारण, उपभोक्ता र आपतकालीन सेवासमेत प्रभावित भएका छन्।

बजार क्षेत्रमा फुटपाथ अतिक्रमण गरी तरकारी, फलफूल, कपडा, माला, कस्मेटिक लगायतका सामग्री सडकसम्म राखी बिक्री वितरण गरिँदा पैदल यात्रुहरू सडक प्रयोग गर्न बाध्य भएका छन्। यसले दुर्घटनाको जोखिम बढाएको स्थानीयवासीहरूको गुनासो छ।

विशेषगरी बजारको दिन तथा चाडपर्वजस्ता व्यस्त समयमा साना तथा ठूला सवारी साधन एकैचोटि जाममा फस्दा लामो समयसम्म यातायात अवरुद्ध हुने गरेको छ। अव्यवस्थित पार्किङका कारण सडकको दायाँबायाँ मोटर साइकल, अटो र चारपांग्रे सवारी साधन जथाभावी रोकिँदा बजार क्षेत्र झनै साँघुरो बनेको छ।

गौशाला बजारका व्यापारी सन्तोष साहले बजारको अव्यवस्थाले व्यवसाय सञ्चालनमा कठिनाइ भएको बताए। उनका अनुसार पार्किङ अभाव र फुटपाथ अतिक्रमणका कारण ग्राहकको आवागमन प्रभावित भएको छ।

यसैगरी किनमेलका लागि गौशाला बजार आएका सकिन्द्र चौधरीले सुरक्षित हिँडडुल गर्न कठिन भएको गुनासो गरे। फुटपाथमा पसल विस्तार हुँदा सवारी साधनको जोखिम मोलेर सडकबाटै हिँड्नुपर्ने अवस्था आएको उनको भनाइ छ।

ट्राफिक प्रहरीका अनुसार बजार क्षेत्रमा सवारी चाप अत्यधिक बढेको र अतिक्रमणकै कारण ट्राफिक व्यवस्थापन जटिल बन्दै गएको छ। फुटपाथ तथा सडक अतिक्रमण नियन्त्रण नगरिएसम्म समस्या समाधान हुन नसक्ने ट्राफिक प्रहरीको भनाइ छ।

यसबारे गौशाला नगर पालिकाका एक अधिकारीले बजार व्यवस्थापनलाई प्राथमिकतामा राखेर काम अघि बढाइने बताए। उनका अनुसार ट्राफिक प्रहरी तथा सरोकारवालासँग समन्वय गरी चरणबद्ध रूपमा अतिक्रमण हटाउने, निश्चित पार्किङ क्षेत्र तोक्ने र नियमित अनुगमन गर्ने योजना बनाइएको छ।

सम्बन्धित निकायले समयमै प्रभावकारी कदम नचाले बजारको अव्यवस्था अझ बढ्ने र जनजीवन थप प्रभावित हुने स्थानीयवासीहरूको चिन्ता रहेको छ।

# कोहलीले पूरा गरे २८ हजार अन्तर्राष्ट्रिय रन



भारतीय क्रिकेटर विराट कोहलीले अन्तर्राष्ट्रिय क्रिकेटमा २८,००० रन पूरा गरेका छन् ।

न्युजिल्याण्ड विरुद्धको पहिलो एकदिवसीय खेलमा उनले उक्त उपलब्धि हासिल गरेका हुन् ।

कोहलीले श्रीलंकाका पूर्व क्रिकेटर कुमार संगाकारालाई पनि पछि पारेका छन् । कोहली धेरै अन्तरर्ष्ट्रिय रन बनाउनेमा अब अर्का भारतीय पूर्वक्रिकेटर सचिन तेन्दुलकरभन्दा मात्र पछि छन् । ईएसपीएनका अनुसार तेन्दुलकरले अन्तर्राष्ट्रिय क्रिकेटमा ३४,३५७ रन बनाएका छन् भने कुमार संगकाराले २८,०१६ रन बनाएका छन् ।

आइतबार वडोदरामा न्युजिल्याण्ड विरुद्धको एकदिवसीय खेलअघि कोहलीले अन्तर्राष्ट्रिय क्रिकेटमा २७,९७५ रन बनाएका थिए । कोहली हाल अर्धशतक प्रहार गर्दै क्रिजमा छन् ।

पहिले ब्याटिङ गर्दै न्युजिल्याण्डले भारतलाई ३०१ रनको लक्ष्य दिएको थियो ।-एजेन्सी







खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,